# तुर्माखाँद गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## तुर्माखाँद, अछाम



## आ.व. २०७९।०८० को सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिबेदन

# तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष २०७९/८०

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**१. कार्यक्रमको परिचय :**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उदेश्यले अछामको तुर्माखाँद गाउँपालिकाले ८ वटै वडामा सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रम संचालन गरिएको थियो ।

**२ कार्यक्रमको उदेश्य :**

यस कार्यक्रमको उदेश्य तुर्माखाँद गाउँपालिकामा रहेका ८ वटै वडाहरुको आ.व. २०७९/८० को वार्षिक प्रगति, समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो ।

**कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ।**
वडा कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु गाउँपालिका बाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।

सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

स्थानीय तहका जननिर्वाचित प्रतिनिधि कर्मचारी तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**कार्यक्रमको संक्षिप्त जानकारी :**
**सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था :** रेडियो गाउँघर एफ.एम मंगलसेन ६ ठुलासैन अछाम
**कार्यक्रम सहजकर्ता :** टेक बहादुर थापा
**सार्वजनिक सुनुवाईको विषय :** आर्थिक वर्ष २०७९/८० को वार्षीक प्रगति, समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई ।
**आयोजक :** तुर्माखाद गाउँपालिका अछाम ।
**कार्यक्रम विवरण ।**

| वडा | मिति | सहभागि संख्या |
|---|---|---|
| वडा न १ को | २०८० असार १५ गते | १०५ जना |
| वडा न २ को | २०८० आसर १६ गते | ११३ जना |
| वडा न ३ को | २०८० आसर १८ गते | ७१ जना |
| वडा न ६ को | २०८० जेठ १९ गते | ६१ जना |
| वडा न ५ को | २०८० असार २० गते | ५६ जना |
| वडा न ७ को | २०८० असार १७ गते | ६३ जना |
| वडा न ८ को | २०८० असार ५ गते | ९८ जना |
| वडा न ४ को | २०८० असार १२ गते | ५५ जना |

क) समन्वयात्मक बैठक :
तुर्माखाँद गाउँपालिकामा रहेका ८ वटै वडाको आर्थिक वर्ष २०७९/८० को वार्षीक प्रगति, समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने सम्बन्धमा तुर्माखाँद गाउँपालिका अध्यक्ष डम्बर बहादुर बिसी, उपाध्यक्ष बिमला कुमारी शाही, प्रमुख प्रशासकीय अधिकृत लोक बहादुर शाही, लेखा अधिकृत प्रताप शाही, लगायत सम्बन्धित वडाका अध्यक्ष तथा रेडियो गाउँघर विच समन्वयात्मक छलफलगरि पालिकामा रहेका ८ वटै वडामा सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रम गर्ने सहमति भएको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरणको जिम्मेवारी पत्रकार टेक बहादुर थापालाई दिने सहमति गरि कार्यक्रमको आवश्यक तयारी अगाडी बढाईएको थियो ।

**सहजकर्ता छनौट र समन्वय :**
तुर्माखाँद गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय गाउँपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि ज़ागरण संचार समुह अछाम द्वारा संचालित सामुदायीक रेडियो गाउँघर बाट पेश गरिएको प्रस्तावना स्वीकृत भएपछि सहजकर्ताको रुपमा पत्रकार टेक बहादुर थापालाई कार्यक्रमको जिम्मेवारी प्रदान गरिएको थियो ।

**कार्यक्रमको सन्दर्भमा**
सहजकर्ताले गाउँपीलिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायत विभिन्न शाखाका प्रमुखसंग नियमति समन्वय गर्नु भएको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**
स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के हुन ? कस्ता खालका छन् ? बस्तु तथा सेवा सुविधाहरु कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्नका लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, जनताको नजिकको सरकार वडा सरकार भएकाले स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन -व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक, सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

**(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार :**
समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सुचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय सामुदायिक रेडियो रेडियो गाउँघर एफ.एम.बाट अडियो प्रशारण तथा सम्बन्धित वडा कार्यालय बाट पत्राचार तथा सुचना समेत निकालिएको थियो । सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रम रेडियो गाउँघर एफ.एम बाट हरेक

आईतबार बेलुकी सवा ८ बजे देखी ९ बजे सम्म र सोमबार बिहान सवा ८ बजे देखी ९ बजे सम्म प्रशारण गरिएको थियो ।

**कार्यान्वयन चरण**

तुर्माखाद गाउँपालिकाको आयोजनामा पालिकाका ८ वटै वडामा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको सहभागिता संगै कार्यक्रम निर्धारित समयमा शुरु गरिएको थियो । पालिकामा रहेका सबै वडामा स्थानीय नगरिकहरुको उल्यख्य सहभागितामा ८ वटै वडाको सार्वजनिक सुनुवाई कार्यक्रम सफलता पुर्वक सम्पन्न गरिएको छ । कार्यक्रममा सहभागि वडाका राजतिकि दल, नागरिक अगुवा, शिक्षक, विद्यार्थि, स्वास्थ्यकर्मी पत्रकार लगायतक अन्य सरोकारवालाले सार्वजनिक सुनुवाई कार्यक्रममा आ आफ्ना धारण, गुनासा र रचनात्मक सुझाव समेत दिएका छन । कार्यक्रममा सहभागि सरोकारवालाले वडा तहमा भएका विकास निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, वडा कार्यालय बाट प्रदान गर्ने सेवाका बारेमा आ आफ्नो धारण राख्नुभएको थियो ।

**कार्यक्रममा भएका सवाल जवाफहरु :**

तुर्माखाद गाउँपालिकामा रहेका ८ वटै वडा तथा पालिका स्तरको सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रम संचालन हुँदै गर्दा वडा १ न रहफ र वडा न २ भुलुका नागरिक बाहेक अधिकांश वडाहरुको समस्या, विषय वस्तु उठान र नागरिकहरुका गुनासाहरु उस्ता उस्तै रहेको हामीले पाएका छौ । त्यी मध्य केही साझा प्रश्नकर्ताहरुको प्रश्न र जवाफ दिने ब्यक्तिहरु विचको सवालजवाफ तथा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन ।

| क.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेयी वक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | दल बहादुर रावल तुर्माखाँद गाउँपालिका वडा न १ रहफ | भौगोलिक रुपमा निकै विटक रहको वडा न १ रहफमा अहिले सम्म पनि सडक नपुग्नु यो दुर्भाग्य हो हामी रहफको विकासका लागि यो गछौ, त्यो गर्छौ भन्ने नेताहरु धेरै भेटायौ अहिलेका जनप्रतिनिधिहरु माथी पनी विश्वाश नभएको भन्दै रावलले सदरमुकाम मंगलसेन पुग्न सहज हुने आफ्नै पालिकाको केन्द्र पुग्न निकै अफ्ठेरो हुने भएकाले आफुहरुलाई दैलेख जिल्ला मिलान गरिदिन आग्रह गर्दछु धन्यवाद । | तुर्माखाँद गाउँपालिका अध्यक्ष डम्बर बहादुर बिसी | प्रश्नको लागि दल बहादुर रावल सरलाई धेरै धेरै धन्यवाद छ हामी भौगोलिक रुपमा ठगीएका छौ त्यसैमा पनि अहिले सम्म पालिकाको वडा न १ लाई सडक संजालले नछोएकोमा आफु पनि निर्क चिन्तीत छु यस विषयमा आफु गम्भिर भएकाले जति सकिन्छ चाडै वडा न १ को रहफमा सडक पुऱ्याउने प्रतिबद्धता जनाउदछु । विद्युतिकरणको काम पनि भईरहेकाले पालिकाका अन्य वडाहरु भन्दा भुलु र रहफमा छिमेकी जिल्लाको दैलेख बाट चाडो विद्युत विस्तारका लागि आफु लागी परेको छु यस क्षेत्रको अन्य विकासका लागि आफु कुनैपनी कुराको कमी हुन नदिने समेत प्रतिबद्धता जनाउद छु वडाका नागरिकहरुको आक्रोस आफुले स्वभाविक रुपमा लिएको छु यसमा आफु चिन्तीत भएकाले विकासका लागि प्रतिबद्धता समेत ब्यक्त गर्दछु । |
| २ | तुर्माखाद गाउँपालिका वडा न १ का युवा किसन बहादुर शाही | चुनाव लड्नका लागि दलहरु गठबन्धन गर्नुहुन्छ जिल्लाकै विकट मानिएको वडा न १ रहफमा सडक संजाल र विजुली जोड्नका लागि गठबन्ध कहिले गरिदिनुहुन्छ अध्यक्ष ज्यु रफाली जनताको पिडाका बारेमा की त तपाई जानकार हुनुहुन्न ? | गाउँपालिका अध्यक्ष डम्बर बहादुर बिसी र वडा अध्यक्ष उपेन्द्र बहादुर रावल | धन्यवाद प्रश्नको लागि किसन जी लाई पहिलेको तुलनामा वडामा विकासले गति लिएको छ यसमा हामी जनप्रतिनिधिहरु सन्तुष्ट छैनौ चुनाव लड्नका लागि गठबनधन गर्ने दलहरु रहफ सडक र बिजुली पुगाउन कहिले गठबनधन गर्नु हुन्छ भन्नु भएको छ आफुले चुनाव जित्न कसै संग पनि गठबनधन नगरेपनि विकासका |

| | | | | |
|---|---|---|---|---|
| | | | | लागी भने सबै संग गठबनधन गरेरै अघि बढ्ने छु यसमा रफाली जनताले आफुलाई साथ र सहयोग गर्न अनुरोध गर्दछु । |
| ३ | कृष्णा देवी शाही तुर्माखाँद गाउँपालिका वडा न २ भुलु महिला स्वास्थ्य स्वयमसेवीका | तुर्माखाँद गाउँपालिकाको वडा २ भुलुको तादी टोल भौगोलिक रुपमा निकै टाढा छ त्यो वडाका नागरिकहरु अहिले पनि पालिका बाट पाउनुपर्ने थुप्रै अवसर बाट बञ्चित छन हाम्रो टोल बाट पालिकाको केन्द्रको कुरा त परैको कुरा हो हाम्रो वडाको केन्द्र पुग्न पनि ३ देखी ४ घण्टा लाग्ने गरेको छ त्यहाका महिलाहरु सबैभन्दा बढि समस्यामा छन त्यहाका नागरिकहरु उपचारको कुरा त परै जावस सिटामोल पाउन बाट समेत बञ्चित हुने गरेका छन त्यहाको गाउँघर स्वास्थ्य क्लिनि संचलनमा छैन यसका लागि गाउँपालिका अध्यक्ष ज्यु ले के सोचनु भएको छ प्रष्ट पारिदिनुहोला । | गाउँपालिका अध्यक्ष डम्बर बिसी | कृष्ण जी प्रश्नका लागि तपाईलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु तपाईले उठाउन गर्नुभएको सवालले म निकै भावुक भएको छु मैले नै त्यो क्षेत्रका नागरिकहरुको सहजताका लागि सामान्य भएपनी एक स्वास्थ्यमर्की सहितको गाउँघर क्लिनिक संचालनका लागि पहल गरेपनि विभिन्न कारणले आफुले बोलेको कुरा कार्यन्वयन नभएको दुख व्यक्तगर्दै तादीका नागरिकहरुको समस्या समाधानका लागि अब चाडै उक्त ठाउमा गाउँघर क्लिनिक संचलान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु यसका लागि स्थानीय नगारिकहरुले पनि सहयोग गर्न अनुरोध गर्दछु तादी भौगोलिक रुपमा निकै विकट टोल रहेको हुदा उक्त टोलको अन्य विकासका लागि पनि आफु उचित बजेटको व्यवस्यापन गर्ने प्रतिबद्धता अध्यक्ष बिसीले गर्नुभएको थियो । यस्ता कतिपय कुराहरुमा आफुलाई जानकारी नहुने भएकाले स्थानीयले पनि जानकारी गराउन अनुरोध गर्नुभएको छ । |
| ४ | अमर न्यौपाने तुर्माखाँद गाउँपालिका वडा न ६ रानीबन अछाम | तुर्माखाँद गाउँपालिका वडा न ६ को रानीवनमा बर्षेनी खानेपानीको समस्या समाधान गर्न भन्दै प्रदेश सरकार बाट करौडौ बजेट आएको देखीन्छ तर पनि रानीवन बासीको खानेपानीको समस्या अहिले पनि जिउको तिउ रहेकाले आवश्यक्ता भन्दा पनि पहुचका आधारमा आएका यस्ता योजनाहरुको नियमन नियन्त्रण गर्ने कुनै निति निर्देशन छकी छैन अध्यक्ष ज्यु र वडा अध्यक्ष ज्यु यो कुरा प्रष्ट पारिदिनुहोला । | तुर्माखाँद गाउँपालिका अध्यक्ष डम्बर बिसी | प्रश्नका लागि अमर न्यौपाने सरलाई धेरै धेरै धन्यवाद यो समस्या रानीवनको मात्रै नभई देशैभरको समस्या छ यसरी प्रदेश सरकार बाट कमीशनको आधारमा आउने बजेटले जनताको आवश्यक्ता भन्दा पनि केही व्यक्तिहरुको मात्रै आवश्यक्त पुरा गर्ने भएको हुदा यस तर्फ वडाका सबै नागरिकहरुले खबदारी गर्नुपर्ने बताउनुभयो । यी योजनाहरुको कारणले धेरै समस्या ल्याएको भन्दै आगामी दिनमा यस्ता समस्याहरु समाधान गर्नका तुर्माखाद गाउँपालिका बिशेष योजनाका साथ अघि बढ्ने प्रतिबद्धता जनाउ छु । |
| ५ | भानुभक्त न्यौपाने तुर्माखाद गाउँपालिका वडा न ६ रानीवन अछाम | पछिल्लो समयमा मानविय विकास हुन एकदमै आवश्यक छ मान्छेहरुमा चेतनाको विकास भएपनी धेरै कुराहरुमा अहिले पनि नागरिकहरु अलमलमै छन , अधिकारको बारेमा थाहा छ तर कर्तव्य केहो त्यो कुरा बिर्सेका छन मानविय विकासका लागि गाउँपालिकाले के गरिरहेको छ अध्यक्ष ज्यु । | गाउँपालिका अध्यक्ष डम्बर बिसी | भानुभक्त न्यौपाने जी ले धेरै राम्रो प्रश्न गर्नुभएको छ । मानविय विकास सबैभन्दा ठुलो कुरा हो हामी सबैको ध्यान अहिले पनि मानव विकास भन्दा पनि भौतिक संरचना तर्फ मात्रै बढि केन्द्रित भएको छ । जब सम्म मानव विकास हुदैन तबसम्म यो क्षेत्रको अन्य भौतिक विकास पनि गतिलो नहुने भएकाले पालिका संग पनि सिमित स्रोत साधन मात्रै हुने भएकाले मानव विकासमा अपेक्षा गरे अनुसारको बजेट बिनियोजन गर्न नपाएको उहाको भनाई छ । यस तर्फ आफु सचेत छु |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रेम बुढा तुर्माखाँद गाउँपीलिका वडा न ३ | शिक्षा क्षेत्रलाई पहिलो प्राथामिकता दिन्छु भन्नु भएको छ यसको व्यवस्थापन कसरी गर्ने योजना बनाउनु भएको छ । यहा त थुप्रै किसीमका समस्याहरु छन ? | गाउँपालिका अध्यक्ष डम्बर बिसी | शिक्षा क्षेत्रको गुणस्तरिय विकास बिना अन्य क्षेत्रको विकास सम्भव छैन भन्ने उदेश्यका साथ आफुले यही क्षेत्रको थप विकासका लागि उचित बजेटको व्यवस्थापन गरेको र यस क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्नका लागि पालिकाका ८ वटै वडामा रहेका सामुदायीक विद्यालयहरुको अवस्थाका बारेमा अनुगमन कार्य सम्पन्न भईसकेको र अब चाडै देखिएका समस्याहरु समाधान गर्नका लागि बिशेष योजना समेत निर्माण गरिने र शिक्षा क्षेत्रको व्यापक सुधारका लागि आफु लागी परेको बताउनुभयो । |
| ७ | मन बहादुर बयक तुर्माखाँद गाउँपालिका वडा न ४ का स्थानीय तथा माओवादी केन्द्रका गाउँपालिका कमीटी अध्यक्ष | तुर्माखाँद गाउँपालिकाको केन्द्र सम्म विद्युत विस्तार भएपनी पालिकाका वडा तह सम्म कहिले विस्तार हुन्छ ? पालिकाका नागरिकहरुले अहिले पनि रेविज विरुद्धको सुई लगाउन महंगो रकम खर्च गरेर मंगलसेन नभए अन्य जिल्ला जानुपर्ने बाध्यता छ यसको अनत्य कहिले हुन्छ ? | गाउँपालिका अध्यक्ष डम्बर बिसी | मन बहादुर सरले गम्भिर कुरा उठान गर्नुभएको छ यस विषयमा म निकै गम्भिर छु उहाको पहिलो प्रश्न विद्युत सम्बनधी छ विद्युत जडान कार्य पालिकाको बजेटले मात्रै न भ्याउने र यसमा आफुहरुको समन्वयकारी भुमीका मात्रै हुने भन्दै यसका लागि सम्बनधीत क्षेत्रमा पहल कदमी भईरहेको छ यसमा स्थानी राजनितिक दल र अन्य सरोकारवालाले पनि सहयाेग गर्न आवश्यक छ अर्को कुरा रेविज विरुद्धको रोगकको कुरा गर्नुभएको छ यो कुरा आफुले पनि पहिले देखीनै उठाउने गरेको तर केही प्राविधिक कारणले सेवा सुरु हुन नसकेको भन्दै अब चाढै यो सेवा पनि विस्तार गरिने छ । |
| ८ | नवराज चलाउने नेपाली काग्रेसका महाधिवेशन प्रतिनिधि तथा वडा न ७ का स्थानीय । | अहिले पालिका संग जोड्ने सडकको ठाउ ठाउमा ठुल ठुला खाल्डाहरु छन यी खाल्डाहरु नपुरीदा यहाका स्थानीय नागरिकहरुलाई समस्या भईरहेको छ यस तर्फ पालिकाले के सोचीरहेको छ ? | गाउँपालिका अध्यक्ष डम्बर बिसी | नवराज सरले राम्रो विषय उठान गर्नुभएको छ लगातारको बर्षाले हाम्रो पालिका संग जोड्ने सडकको ठाउ ठाउमा पहिरो गएर दैनिक आवत जावतमा समस्या पारेको छ यस विषयमा अब चाडै पहल गरिने छ नागरिकको सहजतका लागि तत्काल गर्न सकिने गर्न मिल्ने काम अगाडी बढाउछौ ठुलो लगानी लाग्ने ठाउमा विस्तारै अन्य थप बजेटको व्यवस्थापन गरिने प्रतिबद्धता जनाउनु भएको छ । |
| ९ | भिम बहादुर शाही स्थानीय निर्माण व्यवसायी | अहिले पालिकामा १८ नम्बरको व्यापक चर्चा छ यो १८ नम्बरको पैसा दिन किन आनाकानी गरिरहनु भएको छ अध्यक्ष ज्यु यो कुरा प्रष्ट पारिदिन अनुरोध छ । | गाउँपालिका अध्यक्ष डम्बर बिसी | यो १८ नम्बर अहिले पालिकाको ठुलो समस्याको विषय भएको भन्दै विगतको दायीत्व आफुहरुले दिन्छु भनेर स्विकार्नु नै सबैभन्दा ठुलो गल्ती भएकाले जे सुकै होस आफ्नै पालिकाको दाजुभाईले गरेको काम हो भुक्तानी दिनुपर्छ भनी दनि थालेको तर भुक्तानी दिदै गर्दा अख्तीयारमा उजुरी परेकाले केही योजनाहरुको भुक्तानी दिन ढिलाई भएको र अहिले सम्म पनि अख्तीयारले कुनैपनी जवाफ नदिएको हुदा केही समस्या आएको भन्दै अरु भुक्तानी दिन मिल्ने योजनाहरुको पनि भुक्तानी दिईने र केही योजनाहरुको मसिनो ढंगले अनुगमन गरिने भएकाले अनुगमन गरेपछि मात्रै सबै पक्षको रोहबरमा भुक्तानी दिन मिल्ने योजनाको भुक्तानी दिईने छ यसमा सबै |

| | | | | |
|---|---|---|---|---|
| | | | | योजनाहरु नपर्ने समेत अध्यक्ष बिसीले बताउनुभयो । |
| १० | भिम बहादुर बिसी बिन्धेवासीनी माविका प्रअ | पालिकामा शिक्षा क्षेत्रमा थुप्रै समस्या रहेका छन गत बर्ष पनि निजि स्रोतका शिक्षकहरुको व्यवस्थापन भन्दै ठुलो रकम बिनियोजन गरिएको र फेरि सो रकम रकमान्तर भयो यो के कति कारणले यस्तो गर्नुपर्ने बाध्यता रह्यो प्रष्ट पारिदिन अनुरोध छ । | गाउँपालिका अध्यक्ष डम्बर बिसी | शिक्षा क्षेत्रको व्यापक सुधारका लागि भन्दै हामीले यसपालीको कुल बजेटको आधा रकम यीह क्षेत्रमा बिनियोजन गरेका छौ अहिले पनि समस्या छन यी समस्या समाधानका लागि मसिनो ढंगले गाउँ शिक्षा समितीले फेरि बैठक गरि पालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरु समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरि देखिएका समस्याहरु समाधान गर्दै जाने र पालिकाले सुरु गरेको सकारात्मक अभियानमा साथ दिन अनुरोध समेत गर्नुभएको छ । पालिकाले गरेको अहिलेको निर्णय केहीलाई नराम्रो लागेपनि यसको प्रतिफल राम्रो हुने भन्दै विगतको ठुलो दायीत्व रकमले आफुहरु समस्यामा परेको भन्दै शिक्षकहरुको व्यवस्थापनका लागि बिनियोजन गरिएको केही रकम पनि रकमान्तर गर्नुपर्ने बाध्यता आएको बताउनुभयो । |

**सार्वजनिक प्रतिबद्धताहरु :**

सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रममा उठेका शिक्षा, स्वास्थ्य, कृषि र रोजगारका विषयमा बहस भएको हुदा यी सवालहरुमा जनाएका प्रतिबद्धता क्रमश कार्यन्वय गर्दै जाने सरोकारवालाद्धारा प्रतिबद्धता ।

**कार्यक्रमको सवल पक्षहरु :**

गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रशासकीय अधिकृत, वडा अध्यक्षहरुको सहभागितामा कार्यक्रम संचालन गरिएको
गत आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र स्थानीय नागरिकहरु सबैकुरामा प्रष्ट भएको ।
नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम
र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
पालिकामै यसरी पत्रकारको सहभागितामा गराईएको सार्वजनिक सुनुवाई कार्यक्रम निकै राम्रो भएको भन्दै स्थानीय द्धारा प्रशंसा ।
सार्वजनिक सुनुवाई कार्यक्रमलाई बर्षको कम्तीमा पनी दुईपट गर्नुपर्ने भन्दै स्थानीय द्धारा पालिका सरकारको प्रशंसा ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।
वडा अध्यक्ष सहित गाउँपालिकामा रहेका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
गाउँपालिकामा नियमित तथा वडा स्तरमा समेत सार्वजनिक सुनुवाई बर्षको दुई पटक अनिवार्य रुपमा संचालन गर्नुपर्ने ।
सार्वजनिक सुनुवाई कार्यक्रममा जनाएका प्रतिबद्धता क्रमश रुपमा कार्यत्रन्यवन गर्नुपर्ने ।
सार्वजनिक सुनुवाई उपयुक्त समयको व्यवस्थापन गरेर कार्यक्रम संचालन गर्नुपर्ने देखीन्छ ।

**समस्याहरु :**

अधिकांश वडाहरुमा प्रचार प्रसारको अभावले स्थानीय नगारिकहरुको सहभागिता निकै न्युन देखिएको

सहभागीता बृद्धिको लागि पत्रचार गर्न नसकिएको, सार्वजनिक सुचनालाई मात्रै मुख्य आधार बनाइएको ।
वडाको सार्वजनिक सुनुवाई कार्यक्रममा वडा सरकारले एक बर्षको अवधिमा गरेका कामहरुको बारेमा पुरा बिवरण नआएको कार्यक्रम अनावश्यक विषयमा बहस गरेर लम्बीएको ।

कार्यक्रम लामो अवधि सन्चालन हुदाँ अन्तिम समय तर्फ सहभागी संख्या क्रमश कम हुदै गएको ।
सार्वजनिक सुनुवाई कार्यक्रमको बारेमा वडा अध्यक्ष र गाउँपालिका अध्यक्ष विच समन्वयको अभाव भएको ।

**निष्कर्ष :**
तुर्माखाँद गाउँपालिकाको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । गाउँपालिकाको आयोजनामा पालिकाका ८ वटै वडामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले विकास निर्माण, खानेपानीको समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, लागुपदार्थ दुर्व्यसनी, बालबिवाह न्यूनिकरण लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सहभागी नागरिकहरुले नगरपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । कार्यविधिले व्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सन्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजा नक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ । पालिकामा भएको बृहत सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि अधिकांश सरोकारवालाले यो कार्यक्रमले सुशासन, पारदर्शिता र जवाफदेहिताका क्षेत्रमा निकै राम्रो कामगर्ने भन्दै यस्ता कार्यक्रमहरुलाई आगामी दिनमा पनि पालिका सरकारले निरन्तरता दिदै जानुपर्नेमा जोड दिनुभएको थियो ।

मिडिया कभरेज ।

अछामको पहिलो दैनिक पत्रिका

Ramaroshan National Daily

रामारोशन

राष्ट्रिय दैनिक

बर्ष १६ अंक ३४६ सोमबार १८ असाढ २०८० साल 03-JULY 2023 मुल्य रु.५

# रहफ र भुलुलाइ राज्यले उपेक्षा गर्‍यो

रामारोशन समाचारदाता
मंगलसेन १७ असाढ
अछामको तुमांखाद गाउँपालिकाका रहफ र भुलुका नागरिकहरुले राज्यले आफुहरुलाई उपेक्षा गरेको बताएका छन ।

भौगोलिक रुपमा जिल्लाकै टाढा मानिएको तुमांखाद गाउँपालिकाका वडा न १ रहफ र वडा न २ भुलुका नागरिकहरुले यस्तो गुनासो गरेका हुन । जिल्लाको सदरमुकाम मंगलसेन बाट १८ देखी २० कोष टाढा रहेका दुईवटा वडाका नागरिकहरुले राज्यले दिने हरेक सेवा सुविधा लिदा सास्ती मात्रै खेप्नुपरेको भन्दै आक्रोस समेत व्यक्त गरेका छन ।

भुलु र रहफ बाट आफ्नै पालिकाको केन्द्र आउन छिमेकी जिल्ला दैलेखको बाटो हुदै अछामका ३ वटा पालिका पञ्चदेवल विनायक नगरपालिका, कमलबजार नगरपालिका र ढकारी गाउँपालिकाको सिमाना पार गरेर आफ्नो पालिकाको केन्द्र पुग्नुपर्ने बाध्यता रहेको उनिहरुको गुनासो छ । आफ्नो पालिकाको केन्द्र पुग्न ५ देखी ६ घण्टाको बाटो हिडेर जानुपर्ने बाध्यता हुदा यी दुई वडाका नागरिकहरु राज्यले आफुहरुलाई हरेक कुरामा ठगीरहेको भन्दै सरकारप्रति आक्रोस व्यक्त गरेका थिए ।

देश संघियतामा गएपछि आफुहरुलाई हरेक कुरामा सहज हुन्छ होला भनेर आश पालेका उनिहरु झन थप समस्यामा परेको गुनासो गरेका थिए ।

तुमांखाद गाउँपालिकाले वडामा आयोजना गरेको सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रममा सहभागि दुईवटै वडाका नागरिकहरुले अहिले सम्म पालिकाको केन्द्र बाट वडाहरुमा सडक संजाल नजोडीएको, वडा न २ को भुलुमा सडक संजालले छोएपनी वडा न १ को रहफमा भने अझै नछोएको भन्दै गुनासो गरेका थिए ।

वडा न १ रहफका स्थानीय अगुवा दल बहादुर रावलले पालिकाको केन्द्र बाट जुनसुकै हालतमा पनि आफ्नो वडामा यसै बर्ष सडक संजाल जोडनुपर्ने, कर्णाली नदिमा पक्कीपुल निर्माण गरि अन्य जिल्लाको यातायात संजाल संग जोड्नुपर्ने उनको माग थियो ।



आफ्नो वडाका नागरिकहरुले बर्षौ देखी यस्तो दुख सहेर बस्दापनि हाल सम्म कुनैपनी सरकारले आफुहरुका समस्या नबुझेको भन्दै सरकारप्रति उनको आक्रोस थियो । आफ्नो वडामा चुनावको समयमा बिभिन्न नारा लिएर आउने नेताहरु चुनाव सम्पन्न भएपछि एक पटक पनि वडामा नपुग्ने समस्या रहेको गुनासो गर्दै जिल्लाबाट यतिका नेताहरु सरकारमा पुगे तर अहिले सम्म कुनैपनी नेताले भुलु र रहफका जनताको पिडा नबुझेको बताउदै अबका निर्वाचनमा नेताहरुलाइ बहिष्कार गर्ने अभियान अघि सार्ने उनको भनाइ थियो ।

नेताहरुका भाषण सुन्दा सुन्दै आफुहरु दिक्क भईसकेको भन्दै अब आफुहरुलाई परिणम चाहिएकाले अब पनि दल तथा दलबाट निर्वाचित जनप्रतिनिधीहरुले आफुहरुका समस्या नसुने आगामी निर्वाचनमा मतदानमा भागपनि नलिने र नेताहरुलाई आफ्नो गाउँ प्रवेशमा समेत रोक लगाउने उनको भनाइ थियो ।

आफुहरु अछाम जिल्लाको नागरिक हौ तर अछाम जान अर्काको जिल्ला हुदै आफ्नो पालिकाको केन्द्र जानुपर्ने बाध्यता रहेको कार्यक्रममा सहभागि अधिकारीको गुनासो थियो । सदरमुकाम मंगलसेन जान सजिलो हुने तर पालिकाको केन्द्र जान आफुहरुलाई थप समस्या हुने र योजनाको सम्झौता, भुक्तानी र अन्य कामका लागि पालिकाको केन्द्र आदा ४ देखी ५ हजार खर्च हुने गरेको वडा न १ का अर्को स्थानीय किसन शाहीको गुनासो थियो ।

आफ्नो वडाका नागरिकहरु अहिले पनि भोट बैंक मात्रै हुने गरेको भन्दै शाहीले अब आफुहरुलाई विकास चाहिने बताउदै आफ्नो वडाका नागरिकहरुलाइ नेताहरुले केही पनी दिन नसकेकाले अब पनि हामीलाइ बेवस्ता गरिए नेताहरुलाई आफ्नो वडा प्रवेशमा रोक लगाउने उनको चेतावनी थियो ।

चुनावको समयमा चुनाव जित्नका लागि गठबन्धन गर्ने दलहरु विकासका लागि कहिले गठबन्धन गर्ने भन्दै उहाले प्रश्न समेत गर्नुभएको थियो । वडामा सडक संजाल नजोडीएको हुदा त्यहाका नागरिकहरु सानो कुराको लागि पनि समस्या झेली रहेका छन । सडक नै विकासको मुल आधार भएकाले सडक नै वडामा नपुगेको हुदा अहिले पनि आफ्नो दैनिक आवश्यक सामाग्रीहरु पिठ्युमा बोकेरै लिनुपर्ने बाध्यता त्यहा नागरिकहरुको रहेको उनीहरुको भनाई छ ।

महिलाहरुले सबैभन्दा बढि भारी बोक्नुपर्ने बाध्यता रहेको हुदा महिला दिदि बहिनीहरुको पिठ्युको भारी कहिले पनि नछुट्ने स्थानीय महिला नुर्मला शाहीले बताउनुभयो ।

आफ्नो वडामा गाडी आउने कहिले हो कहिले हिजो आज आफुहरुले कर्णाली राजमार्गमा चल्ने गाडीहरु हेरेर चित्त बुझाउने गरेको शाहीको भनाई थियो । आफुहरु बर्षौ देखी यस्तो दुखः भोगी रहेको भन्दै आफुहरुका समस्याका बारेमा सम्बन्धीत सरोकारवाला बेखबर बनेको उनको भनाइ थियो ।

यता तुमांखाद गाउँपालिका वडा न २ भुलुका नागरिकहरुको गुनासो पनि यस्तै छ ।

साबिकको रहफ गाविसलाई बिभाजन गरि दुईवटा वडा बनाएपछि विभिन्न समस्या झेलीरहेको वडामा अहिले सबैकरा सुन्य बाट सुरु गर्दा समस्या नै रहेको वडा न २ का वडाध्यक्ष नरेन्द्र बहादुर शाहीले बताउनुभयो ।

भौगोलिक रुपमा पालिकाको केन्द्र बाट निकै टाढा छौ, सडक संजाल पनि राम्रो संग नजोडीदा समस्या छ कर्णाली नदिमा पुल नहुदा सवारी साधनहरु आउन नसक्ने समस्या रहेकाले आफुहरु हरेक कुराबाट बञ्चीत हुने गरेको अध्यक्ष शाहीले बताउनुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै वडा न २ की महिला स्वास्थ्य स्वयमसेवीका कृष्णा शाहीले आफ्नो वडामा स्वास्थ्य क्षेत्रमा निकै समस्या रहेको गुनासो गर्नुभएको थियो ।

भौगोलिक रुपमा टाढा रहेका बस्तीहरुमा समयमै औषधी नपुग्ने समस्या रहेकाले यस तर्फ स्थानीय सरकार थप जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो ।

आफ्नो तादी टोलमा गाउँघर क्लिनिक स्थापना भएपनि त्यहा आवश्यक अन्य कुराको अभाव हुदा कुनैपनी सेवा दिन नसकेको उनको गुनासो थियो । पालिकाले कर्मचारी पठाएपनी उक्त टोलमा आवश्यक सामाग्रीको अभाव हुदा कर्मचारी पनी नपुगेको शाहीले बताउनुभयो ।

सामान्य उपचार बाहेक अन्य उपचारका लागि बाह्य जिल्ला जानुपर्ने बाध्यता रहेको शाहीको गुनासो रहेको थियो । दुईवटै वडामा भएको सार्वजनिक सुनवाई तथा रेडियो बहस कार्यक्रममा सहभागि स्थानीय नागरिकहरुको एउटै माग वडालाइ सडक संजाल संग जोड्नुपर्ने, स्वास्थ्य सेवाको समस्या समाधानका लागि वडा तहमै सेवा सुविधा दिनुपर्ने र गुणस्तरिय शिक्षाका लागि स्थानीय सरकारले पहल थाल्नुपर्ने माग गर्नुभएको थियो ।

वडाको विकासका लागि हातेमालो गरेर अघि बढ्ने प्रतिबद्धता समेत सरोकारवाले गरेका छन । सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै तुमांखाद गाउँपालिका अध्यक्ष इश्वर

बाँकी ४ पेजमा

उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं

➢ बिलासिताका बस्तु तथा सेवाको उपयोग घटाऔं ।
➢ देखासिकि नगरौं,आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
➢ आर्थिक मितब्ययी बनौं फजुल खर्च नगरौं ।
➢ रकम बचत गरी बिश्वसनिय बैंक तथा बित्तिय संस्थामा जम्मा गरौं ।
➢ स्थानिय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
➢ आर्थिकरूपमा सक्षम बनौं,राष्ट्रिय पुँजी निर्माणमा योगदान पुर्‍याऔं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड



अछामको पहिलो दैनिक पत्रिका

Ramaroshan National Daily

# रामारोशन

राष्ट्रिय दैनिक

वर्ष १६ अंक ३४७ मंगलबार १९ असार २०८० साल 04-JULY 2023 मुल्य रु.५

## गुनासो सुन्न सार्वजनिक सुनुवाइ

रामारोशन समाचारदाता
मंगलसेन १८ असार

अछामको तुर्माखाँद गाउँपालिकाले जनताहरूका गुनासो सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको छ। पालिकाका ८ वटै वडामा एक वर्षको अवधिमा भए गरेका गतिविधिको बारेमा समिक्षा गर्नका लागि पालिकाले सार्वजनिक सुनुवाइ तथा रेडियो बहस कार्यक्रमको आयोजना गरेको हो।

पालिकाले आर्थिक वर्ष २०७९/०८० मा भए गरेका गतिविधिको बारेमा वडा तहका सेवाग्राहीलाई प्रष्टरूपमा जानकारी गराउने र सरोकारवालाबाट प्राप्त सुझावहरूलाई कार्यन्वयन गर्दै अघि बढ्ने उदेश्यका साथ यो कार्यक्रमको आयोजना गरिएको पालिका अध्यक्ष डम्बर बहादुर बिमीले जानकारी

बारेमा गलत ... सँग जोडिएका विषयमा नकारात्मक मम ... कार्यक्रममा ... सहभागिहरूले

शाहीको भनाई थियो। अहिले वडामा हुने विकास निर्माणका योजनाहरूमा पारदर्शी नहुने समस्या रहेकाले अनियमितता र भ्रष्टाचारका विरुद्ध यस्ता कार्यक्रम केन्द्रित हुनुपर्ने माग समेत गर्नुभएको छ।

समुन्नत समाज निर्माणका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेकाले पालिकाले पनि पारदर्शिताको नितीलाई आत्मसाथ गर्नु आवश्यक रहेको बताउनुभयो।

सुशासन र पारदर्शिताको क्षेत्रमा यो सार्वजनिक सुनुवाइ कार्यक्रमले निकै राम्रो भूमिका खेल्ने भएकाले यस्ता कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिन आवश्यक रहेको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरूको भनाइ रहेको थियो।

तुर्माखाँद गाउँपालिका वडा नं ३ का

अछामको पहिलो दैनिक पत्रिका

Ramaroshan National Daily

# रामारोशन

राष्ट्रिय दैनिक

वर्ष १६ अंक ३५६ बिहिवार २८ असाढ २०८० साल 13-JULY 2023 मुल्य रु.५

## भौगोलीक बिकताले दुख पाइयो

रामारोशन समाचारदाता
मंगलसेन २७ असाढ

अछाम जिल्लाको तुर्माखांद गाउँपालिका वडा न २ भुलुका नागरिकहरुले भौगोलिक विकटताको कारणले आफुहरुले हरेक कुरामा दुख्ख पाउने गरेको बताएका छन ।

जिल्लाकै भौगोलिक रुपमा निकै विटक रहेको उक्त वडाका नागरिकहरुले वडा बाट पालिकाको केन्द्र पुग्न ५ देखी ६ घण्टा लाग्ने गरेको उनीहरुले दुखेसो गरेका छन । वडामा शिक्षा र स्वास्थ्यमा निकै समस्या रहेकाले यस तर्फ सरकारले ध्यान दिनुपर्ने भुलुका नागरिकहरुले माग गरेका छन ।

पालिकाले हाले वडामा आयोजना गरेको सार्वजनिक सुनुवाई तथा रेडियो बहस कार्यक्रममा सहभागि भुलुका स्थानीयले वडा तहमै कम्तीमा प्लस टु सम्मको विद्यालय हुनुपर्ने, आधारभुत तहभन्दा माथिको स्वास्थ्य सेवा वडामा रहेको स्वास्थ्यचौकीमै



स्वास्थ्यमा सबैभन्दा बढि समस्या रहेको उनीहरुको भनाइ रहेको थियो । वडाको एक टोल बाट अर्को टोलमा पुग्नका लागि ३ देखी ४ घण्टाको समय लाग्ने गरेको भन्दै यसले पनि धेरै समस्या ल्याइरहेको वडावासीको भनाइ रहेको छ ।

जानुपर्ने बाध्यता रहेकाले आर्थिक अवस्था कमजोर भएका नागरिकहरु [illegible] भएपनी उपचार गर्न गरेको [illegible] नागरिकहरु उपचार गर्न नसकेर [illegible] ज्यान गुमाउन गरेको भन्दै दुख्ख [illegible] गरेका छन ।

सामानहरु ल्याउने गरेका छन ।

कार्यक्रममा सहभागि अर्का स्थानीय दिपक बहादुर शाहीले स्थानीय सरकारले यस्तो पालिकामा रहेका सामुदायिक विद्यालयहरु मा स्थानीय पाठ्यक्रम निर्माण [illegible] गराउने प्रतिबद्धता [illegible] हाल सम्म कार्यन्वयन [illegible] बताउनुभयो । [illegible] को प्रतिबद्धता [illegible] दुखद भएको शाहीको भनाइ छ ।

[illegible]

तस्वीरमा सार्वजनिक सुनुवाई कार्यक्रम










सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई तथा रेडियो बहस
आ.व. २०७९/०८० को वार्षिक
सार्वजनिक सुनुवाई कार्यक्रम


सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई तथा रेडियो बहस
आ.व. २०७९/०८० को वार्षिक
सार्वजनिक सुनुवाई कार्यक्रम


'सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि'
मिति
गते
तुर्माखाद गाउपालिका


सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई तथा रेडियो बहस







प्रतिवेदक
टेक बहादुर थापा
रेडियो गाउँघर १०६.४ मेगाहर्ज
मंगलसेन ६ ठुलासैन अछाम